जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक ३९ २०८२ साल जेठ ४ गते आइतवार (18 May 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** डाक्नेश्वरी नगरपालिकाका... **पृष्ठ ३ मा :** वैदेशिक रोजगारीले विकास ... **पृष्ठ ४ मा :** उद्योग बजेट कस्तो ... **पृष्ठ ५ मा :**दलितमाथी हुने गरेको विभेद ...

# प्रजातन्त्र सेनानी लालदेवको निधन

**राजविराज**/नेपाली काँग्रेसका पुराना नेता एवं प्रजातन्त्र सेनानी लालदेव यादवको निधन भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका ३ निवासी ९५ वर्षीय यादवको शुक्रबार निवासमै निधन भएको हो । उनको शनिवार अन्त्येष्टि गरिएको छ ।

घरमा परम्परागत संस्कार सकेपछि घर नजिकैको फूलवारीमा उनको अन्त्येष्टि गरिएको छ । यादवका जेष्ठ सुपुत्र इन्द्रदेवले यादवको पार्थिव शरीमा दागवती दिएका थिए । यादवको इन्द्रदेव, देवेन्द्र, कृष्णदेव र विष्णुदेव गरी चार छोरा, छोरी अम्बिका र श्रीमती बिमला देवी छन् ।

प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, राजगढ गाउँपालिकाका निवर्तमान अध्यक्ष परमानन्द यादव, राजगढ गाउँपालिका नेपाली काँग्रेस गाउँ कमिटिका सभापति दीपेन्द्र यादव सहितका नेताले काँग्रेसको चारतारे झण्डा ओढाएर उनलाई अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

अन्त्येष्टि स्थलमा काँग्रेसका नेता कार्यकर्ताका साथै जसपा नेपालका नेता लक्ष्मण यादव तथा ठूलो संख्यामा उपस्थित स्थानीयले अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए ।

उनको निधनले दल विशेष मात्र नभएर प्रजातन्त्रको रक्षा र विकास चाहने सबैलाई क्षति



भएको प्रतिनिधिसभा सदस्य समेत रहेका नेपाली काँग्रेस सप्तरीका पूर्वसभापति दिनेश यादवको भनाई छ ।

उनले राणाशासनदेखी पंचायती व्यवस्था विरुद्धको आन्दोलनमा यादवले गरेको योगदान अविस्मरणीय रहेको बताए । राजगढ गाउँपालिकास्थित जनता शंकर उच्चमाविका लागि निशुल्क जग्गा प्रदान गरेका यादव राजनीतिसँगै समाज सेवा क्षेत्रमा समेत उत्तिकै योगदान गर्दै आएका थिए ।

विद्यार्थी अवस्थादेखी नै काँग्रेस राजनीतिमा होमिएका यादव कैयौं पटक विपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालासँग आन्दोलनका क्रममा पक्राउ परी सँगै जेल जिवन बिताएका थिए । हनुमाननगर जेल ब्रेकमा समेत उनी सहभागि थिए ।

आन्दोलनकै क्रममा उनले अनेकौं पटक भारतको निर्मली र दरभंगासम्म पुगेर राणाशासन र पंचायती व्यवस्था बिरुद्धको पर्चा, पम्प्लेट छपाएर ल्याउने र यस क्षेत्रमा बितरण गर्ने गरेका थिए । सो बारे प्रहरीले पत्ता लगाएपछी पक्राउ गर्न खोज्दा झण्डै १५ वर्षसम्म सीमावर्ती भारतीय क्षेत्रमा बसेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सघाउने काम उनले गरेका थिए ।

उनी २०४९ सालमा उक्त पालिकाको तत्कालिन वडा नं. ९ मा सर्वाधिक मत ल्याई नेपाली काँग्रेसको तर्फबाट वडाअध्यक्षमा निर्वाचित भएका थिए । त्यसपछी क्षेत्र र जिल्ला कमिटिको विभिन्न पदमा रहनुका साथै महासमिति र महाधिवेशन प्रतिनिधिसम्मको जिम्मेवारी सम्हालेका थिए ।

उनको निधनले काँग्रेसमा एउटा इतिहास गुमेको र अपूरणीय क्षति पुगेको स्थानीयवासीको भनाई छ । उनको निधनले परिवारमात्र नभई उनका गाउँले र शुभचिन्तक सबै शोकमा डुबेको राजगढ गाउँका बासिन्दाहरुले जनाएका छन् ।

# चट्याङले बालिकाको मृत्यु, बालक घाइते

**राजविराज**/वर्षासँगै परेको चट्याङले शुक्रबार बिहान एक भारतीय बालिकाको मृत्यु भएको छ । चट्याङबाटै अर्का एक बालक घाइते भएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित कोशी बगरमा अस्थायी टहरा बनाई तरबुजा खेति गर्दै आएका भारतको उत्तरप्रदेश जिल्ला सामलि केरना पञ्चायत वडा ८१ घर भएका जाहदि खानकी ७ वर्षिया छोरी जेनव खातुनको चट्याङ लागेर मृत्यु भएको हो ।

बिहान ६ बजेतिर आएको चट्याङले उनका अर्का ८ वर्षिय छोरा जुबिर खान घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चट्याङको आवाज सुनेर जेनव र जुबिर घाइते भएपश्चात् उनीहरुलाई तत्कालै उपचारका लागि राजविराजस्थित छिन्नमस्ता अस्पतालमा भर्ना गराइएको थियो । उपचारका क्रममा चिकित्सकले इसिजि गर्दा जेनवलाई मृत घोषणा गरिएको थियो ।

बालक जुविरको भने सोही अस्पतालमा उपचार भइरहेको तथा अवस्था सुधारोन्मुख रहेको प्रहरीले जनाएको छ ।

# लागुऔषधसहित एक पक्राउ

**राजविराज**/सप्तरी प्रहरीले जिल्लाको बोदेबरसाइन नगरपालिका क्षेत्रबाट एक युवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पुर्व पश्चिम हुलाकी सडक खण्डमा बोदेबर्साईन सप्तरीबाट खटिएको प्रहरी चेकिङ टोलीले चेकजाँच गर्ने क्रममा बोदेबर्साईन ३ सारस्वर टोल बस्ने २३ वर्षिय मो. इसमाईललाई पक्राउ गरेको हो ।

प्रहरीले मो. इसमाइलको शरीर तलासी गर्दा लागुऔषध नेट्जेक्येर १२ थान तथा तीन थान मोवाइल समेत बरामद भएको जनाएको छ ।

पक्राउ परेका उनलाई सप्तरी जिल्ला अदालतबाट चार दिनको म्याद थप भई गराई इलाका प्रहरी कार्यालय कडरवोनाबाट अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मदन-आश्रित स्मृति दिवसमा रक्तदान तथा बिरामीलाई फलफुल बितरण





**राजविराज**/मदन-आश्रित स्मृति दिवसको अवसरमा शनिबार नेकपा (एमाले) सप्तरीले विभिन्न कार्यक्रमको आयोजना गरि दिवस मनाएको छ ।

दिवसको अवसरमा राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको अनुगमन तथा निरीक्षण गर्नुका साथै त्यहाँ उपचाररत बिरामीहरूलाई फलफूल वितरण गरिएको छ । त्यस्तै अस्पताल प्राङ्गणमा रहेको रक्त सेवा संचार गृहमा रक्तदान कार्यक्रम पनि गरिएको छ ।

एमालेका केन्द्रिय सदस्य एवं मधेस प्रदेशका प्रवक्ता, गृहसञ्चार तथा कानून मन्त्री राजकुमार लेखी, नेकपा एमालेका पोलिट्ब्युरो सदस्य तथा सप्तरी इन्चार्ज सुमनराज प्याकुरेल, जिल्ला अध्यक्ष ताराकान्त चौधरी, उपसचिव दुर्गानन्द ठाकुर लगायतका नेताहरूले अस्पताल अनुगमन गर्दै बिरामीहरूलाई फलफुल बितरण गरे ।

# अवरुद्ध सडक सहमति पश्चात् सूचारु



**राजविराज**/हुलाकी सडक निर्माणको मागं गर्दै अबरुद्ध बाटो तीन घण्टापछि सूचारु भएको छ ।

सप्तरीको राजविराज-कञ्चनपुर जोड्ने सडक कालोपत्र नगरी अलपत्र अवस्थामा छोडिदा आवतजावत गर्न सास्ती भोग्नु परेको भन्दै स्थानीयले शनिबार बाटो अबरुद्ध गरेपछी ठेकेदार कम्पनीका प्रतिनिधीबीच बाटो यथासिघ्र बनाउने सहमति पश्चात् बाटो सुचारु भएको हो ।

ठेकेदार कम्पनीका प्रतिनिधि कुशकुमार उपाध्याय र स्थानीयबीच [redacted] अवरुद्ध बाटो सूचारु भएको जनाइएको छ ।

राजविराज-कञ्चनपुर जोड्ने सडक ५ वर्ष भन्दा बढी बितिसक्दा पनि निर्माण नहुँदा राजविराज २ स्थितमा शनिवार सडक निर्माणको मागं गर्दै स्थानियहरुले सडक अबरुद्ध गरेका थिए ।

बज्रगुरु निर्माण सेवा जेभीको ठेक्कामा रहेको यो सडक कालोपत्र नहुँदा सुक्खा याममा धुलो र वर्षातमा हिलोको समस्या भइरहेको स्थानिय युवा शंकर दासले गुनासो गरेका छन् ।

राजविराजबाट जिल्लाको पूर्वमा महेन्द्र लोकमार्ग जोड्ने तिरहुत गाउँपालिका, कञ्चरुप नगरपालिका, सप्तकोसी नगरपालिका र उदयपुर जिल्लाको पुर्वी भेगका लामो तथा छोटो दूरीका सवारीसाधन सञ्चालनमा अवरोध हुने गरेको छ ।

## मनसुनजन्य विपद्बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सुरक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौं र सुरक्षित स्थानमा सरौं,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौं,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौं,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सञ्चारका साधनसहित) तयार राखौं,
- विपद् पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौं,
- विपद्पछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,
- सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अभिभावक पनि सचेत हुनु जरुरी

अहिले सप्तरीमा विभिन्न विद्यालयहरुको अनुगमनले तिब्रता पाएको छ । अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा संचालन गर्ने विद्यालयहरुले कक्षा संचलान गरेर नियम विपरित काम गरिरहेको पाइएको छ । यसरी नियम विपरित विद्यालय संचालन गर्नु भनेको विद्यार्थीहरुको भविष्यमाथी ठाडो खेलवाड हो । माथिल्लो कक्षामा विद्यार्थीहरु पठनपाठन गरिरहदा उनीहरुले पाउने मार्कसिट तथा चारित्रिक प्रमाणपत्र पनि अवैधानिक नै हुने हो । सिमित कक्षा संचालन गर्न अनुमति पाएर माथिल्लो कक्षा संचालन गरेर विद्यालय संचालकले गैरकानुनी कार्य गरिरहेका छन् ।

उच्च अदातलत जनकपुर राजविराज इजलासले अनुमति विनाको थप कक्षा संचालन नगर्न नगराउन आदेश दिएपछि जिल्ला शिक्षा समन्वय इकाई अनुगमन पाटोलाई तिब्रता दिन थालेको हो । जसकारण अनुमति बिना कक्षा संचालन गरिरहेका विद्यालयहरु धामाधम फेला पर्दै गएका छन् । अनुमित नलिएर कक्षा सञ्चालन गर्दै आएको त्यस्ता विद्यालयहरुलाई अनुमति लिएर मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिइदै आएको छ ।

कक्षा संचालनको स्विकृती नलिई संचालन गरिरहेका विद्यालय संचालकले विद्यार्थीको भविष्य अन्यौलमा राख्ने काम गर्नुहुँदैन् । तसर्थ यसप्रति अभिभावक पनि सचेत हुनु उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डाक्नेश्वरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखापालसहित ८ जना बिरुद्ध विशेष अदालतमा आरोपपत्र दायर



**राजविराज**/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, लेखापालसहित ८ जना बिरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको छ ।

पालिकाको १० वटै वडामा भएको उच्चस्तरीय पोललाईट जडान कार्यमा भ्रष्टाचार भएको भन्दै अख्तियारले सो आरोपपत्र दायर गरेको हो ।

आर्थिक बर्ष २०७८/०७९ मा उक्त पालिकामा बिजुलीको पोलमा उच्च स्तरीय पोललाईट जडान कार्यमा कमसल खालको स्ट्रीटलाईट खरिद गरि फर्जि बिल बनाई पुरै रकम भुक्तानी दिई भ्रष्टाचार गरेको भन्दै ८ जना विरुद्ध आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जनाएका छन् ।

अख्तियारद्वारा उक्त पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकिशुन यादव, लेखापाल अनिता परियारका साथै ईन्जिनियर कुलानन्द बिराजी, ईन्जिनियर रामाकान्त चौधरी, सवईन्जिनियर संजय कुमार यादव, योजना शाखामा शाखा अधिकृत विनोद कुमार ठाकुर र योजना शाखामा सहायकस्तर पाँचौं तहमा कार्यरत निकिता चौधरी विरुद्ध आरोपपत्र दायर गरिएको छ ।

यस्तै उक्त निर्माण कार्यमा संलग्न रहेका जि.एस. निर्माण सेवा र कम्पनीका प्रोपराइटर विजयकुमार यादव विरुद्ध पनि अख्तियारद्वारा विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

आरोपपत्रमा २०७८/०७९ मा नगरका सम्पूर्ण वडामा १४८ थान एलइडी स्ट्रीट लाइट जडान कार्यका लागि ४८ लाख २४ हजार ८ सय ७४ कबोल अंक भएको खरीद प्रक्रियामा सार्वजनिक खरिद ऐन, नियम र कार्यविधी विपरीत ठेकेदारसँगको बदनियतपूर्ण मिलोमतोमा आफूहरुलाई गैरकानुनी लाभ र नगरपालिकालाई हानी पुऱ्याउने काम भएको उल्लेख छ ।

उक्त कार्यको गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरि ३ लाख ९२ हजार २ सय निर्माण व्यवसायीलाई भुक्तानी भएको तथा लागत अनुमान तयार गर्दा अस्वभाविक मुल्य राखेको पाइएकोले मुल्य भन्दा बढी भुक्तानी भएको २१ लाख १२ हजार ३ सय ३० समेत गरी कुल २५ लाख ४ हजार ५ सय ३० रुपैया हानी नोक्सानी भएको पुष्टि भएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा १ बमोजिम कारवाही गर्न आरोप पत्र मार्फत माग समेत गरिएको छ ।

# बुद्धकै अनुयायी भएर समाजमा परिवर्तनको लागि अघि बढ्नु पर्छ : मन्त्री लेखी

**राजविराज**/मधेस प्रदेशका गृहसंचार तथा कानुन मन्त्री राजकुमार लेखीले गौतम बुद्धको उपदेश सबैका लागि अनुकरणीय रहेकोले सबै बुद्धकै अनुयायी भएर समाजमा परिवर्तनको लागि अघि बढ्नु पर्ने बताएका छन् ।

२५६९ औं बुद्ध जयन्तीको अबसरमा थारु संस्कृति संरक्षण संघ नेपाल सप्तकोसीद्वारा सोमबार सप्तरीको सप्तकोसी नगरपालिकामा आयोजित विविध सास्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

गौतम बुद्धले देखाएको बाटो शान्ति अहिंसालाई सबैले आत्मसात गरेर हिड्न सके मात्र समाज परिवर्तन गर्न सकिने उनको भनाई थियो । मन्त्री लेखीले भने, "समाज हरेक जातजाती भाषा समुदायको साझा भएकाले बुद्धले देखाएको शान्तिको बाटो सबैले अबलम्बन गरेर हिडेमात्र मुलुकमा शान्ति तथा अमन चयन कायम रहने छ ।"

मुलुकमा गणतन्त्र स्थापना पश्चात् समावेसिताका कारण समाज मिलेर अगाडी बढिरहेकोले गणतन्त्रको विकल्प नरहेको उल्लेख गर्दै उनले भने, "गणतन्त्र स्थापनापछि देशमा आमुल परिवर्तन र बिकासले गति लिएको छ, त्यसैले गणतन्त्रलाई सस्थापन गर्न सबै पक्ष एक भएर लाग्नु पर्छ ।"

मन्त्री लेखीले सप्तकोसी नगरपालिका कम्युनिष्ट नेता तथा जेष्ठ नागरिक मुरारी कार्की र नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सचिब खगेन्द्र कार्कीलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए भने उत्कृष्ट झाकी तथा नृत्य प्रस्तुत गरिएका नेवार समुदायको लाखे नाच, थारु समुदायको नृत्य तथा गायन तामाङ समुदायको तामाङ सेलोमा नृत्य गर्नेहरुलाई पनि उनले नगद पुरस्कारबाट सम्मान गरेका थिए ।

सप्तरीको सप्तकोसी नगरपालिका ४ तुलसि चौकमा थारु संस्कृति संरक्षण संघ नेपाल केन्द्रिय कमिटीका अध्यक्ष गयानन्द चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तकोसी नगरपालिका नगर प्रमुख कृष्णप्रसाद ढकाल, निवर्तमान नगर प्रमुख उत्तमकुमार शर्मा, जेष्ठ नागरिक मुरारी कार्की, नेपाल पत्रकार महासंघ सप्तरीका सचिब खगेन्द्र कार्की, सप्तकोसी नगरपालिका वडा न २ का वडा अध्यक्ष जाहिर हुसेन, त्रियुगा बहुमुखी सहकारीका अध्यक्ष चन्द्रशेखर चौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सो अवसरमा विभिन्न जनजाति थारु, नेवार, तामाङ, किरात लगायत समुदायको जातीय भेषभुषा सहितको झाकी तथा नृत्य प्रस्तुत गरिएको थियो ।



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, सप्तरी

# वैदेशिक रोजगारीले विकास गरेको महिलाहरूलाई "लेफ्ट बिहाइन्ड वाइभ्सु" परिभाषित गर्ने सामाजिक संरचना

विश्वभर अन्तर्राष्ट्रिय परिवार दिवस २)२५ मनाइएको छ। यस वर्षको नाराले ुदिगो विकासका लागि परिवारमुखी नीतिहरू लाई विशेष प्राथमिकता दिएको छ। नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक परिवेशमा यो सन्देश झनै सान्दर्भिक छ। पारिवारिक एकता, सम्बन्ध, मूल्य मान्यता र जिम्मेवारीका आधारभूत पक्षहरू तीव्र रूपले बदलिँदै गर्दा, परिवार र त्यसमा आधारित सामाजिक ढाँचाले पुनरवलोकन र पुनर्संरचनाको आवश्यकता महसुस गरिरहेको छ।




**नेपाली समाजमा पारिवारिक संरचनाको रूपान्तरण**

नेपाल परम्परागत रूपमा संयुक्त परिवार प्रणालीमा आधारित समाज हो, जहाँ पुस्तौँ(पुस्ताको सह-अस्तित्व, सहकार्य र परस्पर निर्भरता देखिन्थ्यो। वृद्धको हेरचाह, बालबालिकाको संरक्षण, निर्णयमा सामूहिक सहभागिता जस्ता विशेषता सामाजिक पूँजीको रूपमा व्याख्या गरिन्थ्यो। तर पछिल्लो दशकमा, शिक्षा, शहरीकरण, वैदेशिक रोजगारी र व्यक्तिगत स्वतन्त्रताको विस्तारसँगै न्यूक्लियर परिवार प्रणाली विस्तार भएको छ।

२०२१ को जनगणनाले देखाउँछ कि २९ प्रतिशत भन्दा बढी परिवार एकल संरचनामा परिणत भएका छन। साझा घर( परिवारको ठाउँमा व्यक्तिगत जीवन र अलग बसोबास प्राथमिकता बन्न थालेको छ। यसले पारिवारिक सद्भाव, परस्पर माया र सघन सम्बन्धमा टुटफुट ल्याएको छ।

**वैदेशिक रोजगारीको असरस् एकता होइन, विखण्डन**

नेपाली समाजमा वैदेशिक रोजगारी मुख्य आर्थिक स्रोत बनेको छ। हाल अनुमानित ५० लाखभन्दा बढी नेपाली विदेशमा श्रमिक जीवन बिताइरहेका छन्। रेमिट्यान्सले मुलुकको अर्थतन्त्र धानिरहे तापनि, पारिवारिक एकता, मानसिक सन्तुलन र सामाजिक मूल्यमा ठूलो खलल परेको छ।

सन् २०२४ मा मात्र १२ खर्बभन्दा बढी नेपाली रुपैयाँ रेमिट्यान्स मार्फत भित्रिएको नेपाल राष्ट्र बैंकको तथ्याङ्क छ, जसले देखाउँछ कि नेपाली अर्थतन्त्रको मेरुदण्ड नै वैदेशिक रोजगारी बनेको छ।तर, यत्रो आर्थिक फाइदाले पनि पारिवारिक एकता, मानसिक सन्तुलन र सामाजिक मूल्यमा परेको क्षति पुरा गर्न सकेको छैन।

एक अध्ययनअनुसार, वैदेशिक रोजगारीमा रहेका बाबुआमाका छोराछोरीमा आत्मबल कमी, अनुशासन समस्या, असुरक्षित यौनिक व्यवहार र भावनात्मक अलगावको समस्या बढ्दै गएको छ। अभिभावक टाढा हुँदा बालबालिकाको पालनपोषण हजुरआमा, बुवा वा अन्य आफन्तले गर्ने चलन सामान्य बनिसकेको छ, जसमा भावनात्मक सम्बन्ध, अभिभावकत्व र व्यवहारिक सल्लाहको गम्भीर अभाव देखिन्छ।

पारिवारिक विखण्डन नेपालको प्रमुख सामाजिक चिन्ताको रुपमा देखा परिरहेको छ। जब परिवारका सदस्य विशेषगरी बुवा वा आमा विदेश जान्छन्, परिवारको भावनात्मक संरचना कमजोर हुँदै जान्छ। विवाह सम्बन्धमा अविश्वास, टाढोपन र भावनात्मक रिक्तता निम्तिन्छ। पछिल्ला वर्षहरूमा सम्बन्धविच्छेद दर उच्च भएको प्रमुख कारण मध्ये वैदेशिक रोजगारी एक हो (नेपाल कानून आयोग, २०२३)।

नेपालमा वैदेशिक रोजगारीको उच्च प्रवृत्तिले महिलाहरूलाई ुलेफ्ट(बिहाइन्ड वाइभ्सुको रूपमा परिभाषित गर्ने सामाजिक संरचना विकास भइरहेको छ। यस्ता महिलाहरूको जीवन यौनिक तथा प्रजनन अधिकारको अभाव, लगातार मानसिक तनाव, सामाजिक संकोच र आफ्नै जीवनसँग सम्बन्धित निर्णय प्रक्रियाबाट बहिष्करणका साथ बितिरहेको छ।

धेरै महिलाहरूले आर्थिक आत्मनिर्भरता, सामाजिक पहुँच र आत्म(सशक्तिकरणका उपायहरू खोज्न प्रयास गर्छन्, तर उनीहरूको प्रयासलाई सामाजिक सञ्जालमार्फत गरिने चरित्र मूल्याङ्कन, लैङ्गिक पूर्वधारणा, परिवार तथा समुदायको संकीर्ण सोचले निरन्तर दबाबमा राख्ने गर्छ। एकातिर ती महिलाहरू इज्जत र कर्तव्युको नाममा विवशतापूर्वक पतिप्रति निष्ठावान् बन्न बाध्य छन्, अर्कोतिर उनीहरूका व्यवहार र निर्णयमा शंका गर्ने संस्कृति अझै बलियो छ।

अध्ययनहरूबाट देखिन्छ कि यस्तो सामाजिक संरचनाले महिलाहरूमा आत्मबलको कमी, यौनिक असन्तुष्टि, मानसिक अस्वस्थता, र कहिलेकाहीं असुरक्षित सम्बन्धहरूमा संलग्न हुने सम्भावना बढाउँछ। साथै, उनीहरूलाई आफ्नै यौनिकता र आवश्यकताको विषयमा खुलेर कुरा गर्न सक्ने सुरक्षित ठाउँको अभाव छ, जसले उनीहरूको सामाजिक बहिष्करणलाई अझ गहिरो बनाउँछ।

**बालबालिकाको संरक्षण, यौनिकता र मानसिक स्वास्थ्य**

नेपालमा बालबालिका अझै पनि संरक्षित र अधिकारयुक्त नागरिक बन्न सकेका छैनन्। यद्यपि विद्यालयमा पहुँच केही हदसम्म विस्तार भएको छ, तर गुणस्तरीय शिक्षा, बालमैत्री वातावरण, मनोवैज्ञानिक सुरक्षा र अभिभावकीय सहकार्यको अभावले गर्दा बालबालिकाको समग्र विकासमा चुनौती देखिन्छ। विशेषतः वैदेशिक रोजगारीको कारण लामो समयसम्म टाढा रहने बाबुआमाले आफ्ना छोराछोरीसँग गहिरो भावनात्मक सम्बन्ध कायम गर्न कठिनाइ भोगिरहेका छन। यसले बालबालिकामा आत्मबलको कमी, व्यवहारगत अस्थिरता र निर्णय क्षमतामा प्रभाव पारिरहेको छ।

अध्ययनहरू अनुसार, घरभित्र खुला संवादको कमी, यौनिकता र यौन शिक्षालाई लाज र निषेधको विषय मानिने परम्परागत सोचले गर्दा किशोररकिशोरीहरू आफ्नो यौनिक जिज्ञासा इन्टरनेट, सामाजिक सञ्जाल वा साथीहरूमार्फत् सम्बोधन गरिरहेका छन्। तर, यी माध्यमहरू सधैँ सुरक्षित वा वैज्ञानिक जानकारीका स्रोत हुँदैनन्। यसले असुरक्षित यौन व्यवहार, अविवाहित गर्भावस्था, यौनजन्य संक्रमण, यौन हिंसा तथा दीर्घकालीन मानसिक स्वास्थ्य समस्याहरूको जोखिम बढाइरहेको छ।

यस सन्दर्भमा, विद्यालय, परिवार र समुदायबीच सहकार्य गरी यौन तथा प्रजनन स्वास्थ्य अधिकार (एसआरएचआर) लाई औपचारिक पाठ्यक्रम र व्यवहारिक सिकाइ दुबैमा आत्मसात् गराउनु अत्यावश्यक छ। विद्यालयले केवल पाठ्यपुस्तकमा सीमित नभई सहभागीमूलक र वैज्ञानिक यौन शिक्षा प्रदान गर्नुपर्छ। परिवारले आफ्ना छोराछोरीसँग खुलेर संवाद गर्ने संस्कार विकास गर्नुपर्छ। साथै, समुदायले यौनिकता र लैङ्गिकता जस्ता संवेदनशील विषयमा सकारात्मक दृष्टिकोण र सहयोगी वातावरण सिर्जना गर्नु दीर्घकालीन रूपमा युवापुस्ताको सुरक्षित भविष्यको आधार बन्न सक्छ।

**लैङ्गिक भूमिकामा असमानतास् महिलाको डबल बर्डेन**

समाजमा महिलाको सक्रियता बढ्दै गइरहे पनि पारिवारिक जिम्मेवारीमा उनीहरूलाई दोहोरो बोझ पर्ने अवस्था छ। उनीहरू जागिरे छन्, तर खाना पकाउने, बालबालिका हेर्ने, सासु(ससुरा स्याहार गर्ने दायित्व अझै पनि उनीहरूकै काँधमा छ।

महिलाहरूलाई ुडबल बर्डेनुले मानसिक थकान, आत्मविश्वासमा कमी, यौन जीवनमा असन्तोष, र कार्यक्षमता ह्रास गराइरहेको छ। अझ खल्बलिएको कुरा त के हो भने, न घरभित्र न त समाजमा नै महिला सशक्तीकरणको वास्तविक अभ्यास देखिन्छ।

नेपालको पारिवारिक नीति अझै पनि लिंग(समानता र साझा जिम्मेवारीको सिद्धान्तमा आधारित छैन। यसको पुनरावलोकन र व्यवहारिक रूपान्तरण अपरिहार्य छ।

**सामाजिक मूल्य र यौनिक व्यवहारमा रूपान्तरण**

नेपालमा यौन र यौनिकता अझै पनि लाज, गोपनीयता र निषेधको विषय मानिन्छ। तर, पछिल्लो पुस्तामा प्रविधिको प्रयोग, सामाजिक सञ्जाल, सहजीवन, आत्मनिर्भरता र खुला सोचाइको कारण यौनिक व्यवहारमा खुलापन आएको छ।

पूर्वविवाह यौन सम्बन्ध, समलिङ्गी पहिचान, सहजीवन र स्वतन्त्र निर्णय गर्ने अधिकारमा चेतना वृद्धि भएको छ। तर, पारिवारिक संवादको अभाव, स्कूलमा यौन शिक्षाको अपूरो पहुँच, र समाजमा नकारात्मक दृष्टिकोणका कारण जोखिमयुक्त यौन व्यवहार बढ्दो छ।

नेपालमा यौन र यौनिकतालाई अझै पनि लाज, निषेध र गोपनीयताको विषय मानिन्छ, जसले गर्दा खुला संवादको अवसर सीमित हुन्छ। यद्यपि पछिल्लो पुस्तामा प्रविधिको व्यापक प्रयोग, सामाजिक सञ्जालको प्रभाव, सहजीवनको बढ्दो अभ्यास, आत्मनिर्भरता र स्वतन्त्र सोचको विकाससँगै यौनिक व्यवहारमा खुलेपन देखिएको छ। विशेषगरी, युवा पुस्तामा पूर्व( विवाह यौन सम्बन्ध, समलिङ्गी पहिचान र सहजीवनप्रति स्वीकार्यता बढ्दै गएको पाइन्छ। यस्ता व्यवहार र पहिचानलाई आत्मसात गर्ने झुकावले स्वतन्त्र निर्णय गर्ने चेतनामा वृद्धि भएको छ। तर, २)७५ सालमा युएनएफपीएका अनुसार किशोरकिशोरीहरूमध्ये २५ प्रतिशतले पूर्व(विवाह यौन सम्बन्ध राखेको र तीमध्ये आधाभन्दा बढीले असुरक्षित यौन सम्बन्धमा संलग्न भएको देखिन्छ। अर्कोतर्फ, यौनिक अल्पसंख्यकहरू अझै पनि पारिवारिक, सामाजिक तथा कानुनी विभेदको सिकार भइरहेका छन्।

पारिवारिक संवादको अभाव, विद्यालय तहमा यौन शिक्षाको अपूरो पहुँच र समाजमा विद्यमान नकारात्मक दृष्टिकोणका कारण किशोरकिशोरी तथा युवाहरू जोखिमयुक्त यौन व्यवहारतर्फ उन्मुख भइरहेका छन्।ुएडलोसेन्ट हेल्थ एन्ड डेभलपमेन्टु सम्बन्धी एक अध्ययन अनुसार, १५-१( वर्षका ४) प्रतिशत युवाहरूलाई यौनिक स्वास्थ्यबारे आधारभूत जानकारी समेत छैन। यौनिक जिज्ञासा समाधान नहुँदा उनीहरू इन्टरनेट र असत्य स्रोतमा भर पर्न बाध्य छन, जसले भ्रम, डर र गलत व्यवहार जन्माउँछ। यस सन्दर्भमा, यौन तथा प्रजनन स्वास्थ्य अधिकार ( एसआरएचआर)लाई केवल स्वास्थ्यको विषय नभई पारिवारिक र सामाजिक बहसको अनिवार्य अङ्ग बनाउनु आजको आवश्यकता हो। अभिभावक, शिक्षक र समुदायका सदस्यहरूलाई सम्वेदनशीलता र वैज्ञानिक दृष्टिकोणबाट प्रशिक्षण दिई यौनिकताको संवादमैत्री वातावरण निर्माण गर्नु दीर्घकालीन समाधानको मार्ग हो।

**पारिवारिक नीति र दिगो विकासको अन्तरसम्बन्ध**

दिगो विकासको लक्ष्य प्राप्तिका लागि परिवारमुखी नीति बनाउनु रणनीतिक खम्बा हो। स्वास्थ्य, शिक्षा, लैङ्गिक समानता, गरिबी न्यूनीकरण, र सामाजिक समावेशीकरणमा परिवारले निर्णायक भूमिका खेल्दछ। तर, नेपालमा फ्यामिली इम्प्याक्टर एसेसमेन्ट प्रणालीको अभाव छ। कुनैपनि नीति बनाउँदा त्यसले

*बाँकी चार पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# उद्योग बजेट कस्तो हुनुपर्छ ?

**डा। शेरजङ्ग बहादुर चन्द**

आयातमा धेरै निर्भर रहने हाम्रोजस्तो मुलुकको अर्थतन्त्रमा उद्योग क्षेत्रका लागि विनियोजित धनराशिले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। यस क्षेत्रलाई दिइने बजेटले देशको आर्थिक दिशा नै बदलन सक्छ। पहिलेका वर्षहरूमा उद्योग क्षेत्रलाई बजेटमा एकदमै कम महत्त्व दिएको देखिन्छ, जसले गर्दा देशको विकासमा सोचेजस्तो प्रगति हुन सकेन। अब राष्ट्रको उन्नति र आत्मनिर्भरता हासिल गर्नका लागि उद्योग क्षेत्रमा विशेष ध्यान दिँदै बजेट बनाउन जरुरी छ।

परिणाममुखी हुने खालको र लामो समयसम्म टिक्ने योजनासहितको बजेटले उद्योगको विकासलाई गति दिई रोजगारीका अवसर सिर्जना गर्नेछ र अन्ततः देशको आर्थिक क्षमतामा वृद्धि गर्नेछ। विशेषतः उत्पादनमूलक कार्यहरूलाई प्रोत्साहन गर्ने, नयाँ प्रविधि र सीप विकासमा सहयोग पुर्‍याउने र व्यवसायीहरूलाई लगानीमा आकर्षित गर्ने खालको बजेट आवश्यक छ।

**उद्योग क्षेत्रमा बजेट**

सरकारद्वारा हालसम्म कुल बजेटको लगभग दुईदेखि तीन प्रतिशत बजेट मात्र उद्योग मन्त्रालय र मातहतका निकायहरूका लागि विनियोजन गर्दै आएको देखिन्छ। बजेट अभावकै कारण उद्योग क्षेत्रको विकासका लागि आवश्यक महत्त्वपूर्ण गतिविधिहरू हुन सकेका छैनन्। उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार, उद्योगहरूको क्षमता विस्तार, नयाँ प्रविधिहरूको उपयोग र हस्तान्तरण, उत्पादित वस्तुहरूको बजारसम्मको पहुँच, आवश्यक कच्चा पदार्थको निर्बाध आपूर्ति र उद्योगी व्यवसायीहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने किसिमका ठोस र प्रभावकारी कार्यक्रमनिकै कम मात्रामा सञ्चालनमा रहेका छन्। यसले गर्दा उद्योग क्षेत्रले अपेक्षित गतिमा विकास गर्न कठिनाइ भइरहेको छ।

लघु, साना तथा मझौला उद्योगहरू (लसाउ) लाई प्रोत्साहन र आवश्यक सहयोग पुर्‍याउने उद्देश्यले सरकारले सञ्चालन गर्ने कार्यक्रम पनि सीमित रहनुका साथै प्रभावकारी हुन सकेका छैनन्। धेरैजसो सरकारी योजना र कार्यक्रमहरू कागजमा मात्रै सीमित रहने गरेका छन्, जसले गर्दा यस क्षेत्रका वास्तविक व्यवसायीले आवश्यक सहयोग र सुविधा प्राप्त गर्नबाट वञ्चित हुनुपरेको छ। यस अवस्थाले लसाउहरूको विकासमा बाधा पुर्‍याइरहेको छ र समग्र औद्योगिक क्षेत्रको विकासलाई समेत सुस्त बनाइरहेको छ।

**उद्योग बजेट कस्तो हुनुपर्छ ?**

उद्योग क्षेत्रको उन्नति र विकासका लागि समग्र सरकारी बजेटको कम्तीमा आठदेखि दश प्रतिशत रकम यस क्षेत्रमा विनियोजन गर्नुपर्नै हुन्छ। यसरी विनियोजित रकमलाई विभिन्न उपक्षेत्रहरूमा खर्च गर्नुपर्छ।

यसरी छुट्ट्याइएको १) प्रतिशत बजेटमध्ये लघु, साना तथा मझौला उद्योगको विकासका लागि चार प्रतिशत बजेट विनियोजित हुन आवश्यक छ। यस रकमले ती उद्योगलाई वित्तीय सहायता, नयाँ प्रविधिमा पहुँच, बजार प्रवर्द्धन र क्षमता अभिवृद्धि तालिमजस्ता कार्यक्रम सञ्चालन गर्न सहयोग पुर्‍याउनेछ। यसबाट देशको आर्थिक वृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सकिन्छ।

यस्तै, औद्योगिक पूर्वाधार (इन्डस्ट्रियल जोन्स) निर्माण तथा विकासमा तीन प्रतिशत बजेट छुट्ट्याइनुपर्छ। यसमा सडक, बिजुली, पानी, सञ्चारजस्ता आधारभूत सुविधाहरूको विकास, नयाँ औद्योगिक क्षेत्रको स्थापना र विद्यमान औद्योगिक क्षेत्रहरूको स्तरोन्नति जस्ता कार्य पर्छन्। यी पूर्वाधारले लगानी आकर्षित गर्न, उत्पादन लागत घटाउन र रोजगारीका अवसर सिर्जना गर्न मद्दत गर्छन्।

यस्तै, नवप्रवर्तन तथा प्रविधि रूपान्तरणका लागि दुई प्रतिशत बजेट छुट्ट्याइनुपर्छ। नयाँ प्रविधिको अनुसन्धान, विकास र कार्यान्वयन, स्टार्ट-अपहरूलाई सहयोग, डिजिटल रूपान्तरणलाई प्रोत्साहन तथा उद्यमशीलता विकासजस्ता कार्यक्रम यस अन्तर्गत पर्छन्। यसले उद्योग क्षेत्रलाई आधुनिकीकरण गर्न र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गर्छ।

यस्तै, अनुसन्धान, तालिम र नीति सुधारका लागि एक प्रतिशत रकम छुट्ट्याइनुपर्छ। यसले उद्योग क्षेत्रको दीर्घकालीन विकासका लागि बलियो आधार तयार पार्न सहयोग गर्नुका साथै नीतिगत अवरोधहरू हटाउन मद्दत गर्छ।

**उद्योग बजेटका पाँच मुख्य आधारस्तम्भ**

१) साना, मझौला र सूक्ष्म उद्योगहरूलाई प्रोत्साहन स् यस नीति अन्तर्गत ५) लाख रुपैयाँभन्दा कम पुँजी लगानी भएका उद्योग व्यवसायलाई सरकारले विशेष सहुलियत प्रदान गर्न सक्छ। उनीहरूको व्यवसाय सुरु गर्न र विस्तार गर्न सहज होस् भनी यी सहुलियतहरूमा सुरुमा ब्याजदर शून्यदेखि तीन प्रतिशतसम्मको ऋण उपलब्ध गराउन सक्छ।

करमा पनि विशेष छुट दिइनुपर्छ, जसले उनीहरूलाई नाफा बढाउन मद्दत होस्। बजार विस्तारका लागि सहयोग पुर्‍याउनुका साथै उत्पादन बढाउन अनुदान पनि प्रदान गरिनेछ। महिला, युवा, दलित तथा अन्य पिछडिएका वर्गका उद्यमीहरूलाई समर्थन गर्न छुट्टै कोषको स्थापना गरिनेछ, जसले उनीहरूलाई व्यवसाय सुरु गर्न र सफल बनाउन आवश्यक पर्ने वित्तीय स्रोत उपलब्ध गराउनेछ।

२) औद्योगिक पूर्वाधारको विकास स् आधुनिक उद्योगहरू स्थापनाका लागि आवश्यक पूर्वाधारको विकास गरिनुपर्छ। प्रत्येक प्रदेशमा कम्तीमा एउटा अत्याधुनिक औद्योगिक गाउँ वा विशेष आर्थिक क्षेत्र निर्माणका लागि बजेट विनियोजन हुनुपर्छ, जसले उद्योगहरूलाई उपयुक्त वातावरण प्रदान गरोस्।

उद्योग मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयबिच समन्वय गरी बिजुली, सडक, पानी र उच्च गतिको इन्टरनेटजस्ता आधारभूत सुविधाहरू उपलब्ध गराइनुपर्छ। औद्योगिक क्षेत्रमा जग्गाको भाडा सस्तो दरमा उपलब्ध गराइने नीति अवलम्बन गरिनुपर्छ, जसले उद्योगहरूलाई आफ्नो उत्पादन लागत कम गर्न र प्रतिस्पर्धी बन्न मद्दत गरोस्।

३) उद्योग र प्रविधिको रूपान्तरण स् परम्परागत रूपमा सञ्चालित उद्योगहरूलाई आधुनिक प्रविधिमा रूपान्तरण गर्न सहयोग गरिनुपर्छ। यसका लागि स्वचालन, डिजिटलाइजेसन र हरित ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउन सकिन्छ। नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नका लागि नयाँ प्रविधि भित्र्याउने कम्पनीहरूलाई करमा विशेष छुट दिइनुपर्छ।

नयाँ प्रविधिमा आधारित उद्योगहरूलाई वार्षिक रूपमा प्रतिस्पर्धात्मक अनुदान प्रदान गर्न स्टार्टअप र इन्नोभेसन फन्डको स्थापना गर्न सकिन्छ, जसले नयाँ विचार र उद्यमीहरूलाई प्रोत्साहन गर्नेछ।

४) अनुसन्धान, सीप र तालिम स् उद्योग क्षेत्रको विकासका लागि आवश्यक जनशक्ति तयार गर्नुपर्छ। यसका साथै उद्योग क्षेत्रको अनुसन्धानलाई प्रोत्साहन गरिनुपर्छ। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) सँगको सहकार्यमा उद्योग उन्मुख तालिम कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ, जसले उद्योगहरूलाई आवश्यक सीपयुक्त जनशक्ति उत्पादन गर्न मद्दत गर्छ। विदेशी श्रमिकमाथिको निर्भरता कम गर्न, स्थानीय जनशक्तिलाई सीपमूलक तालिम दिन तालिम केन्द्रहरू स्थापना गरिनुपर्छ। उद्योग विकाससम्बन्धी अनुसन्धान गर्न र नीति निर्माणका लागि आवश्यक सुझाव दिनका लागि थिंक ट्यांकको स्थापना गर्न सकिन्छ, जसले सरकारलाई उचित नीति बनाउन मद्दत गरोस्।

५) आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन स् स्वदेशमै उत्पादन बढाएर आयातलाई कम गर्न र निर्यातलाई प्रोत्साहन गर्न विशेष पहलहरू आवश्यक छ। चिनी, सिमेन्ट, कपडा, जडिबुटी र कृषिमा आधारित उद्योगहरूमा आयात प्रतिस्थापन कार्यक्रम सञ्चालन गरिनुपर्छ, जसले स्वदेशी उत्पादनलाई प्रोत्साहन गरोस्।

'मेड इन नेपाल अभियानलाई प्रभावकारी बनाउन छुट्टै बजेटको व्यवस्था गर्न सकिन्छ। यस अभियान अन्तर्गत अन्तर्राष्ट्रिय मेलाहरूमा सहभागिताका लागि अनुदान प्रदान गर्न सकिन्छ। डिजिटल मार्केटिङका लागि सहयोग गर्न र निर्यातकर्ताहरूलाई ढुवानी लागतमा सहुलियत दिन सकिन्छ।

**उद्योग बजेटको प्रभावकारिता**

उद्योग क्षेत्रमा विनियोजित बजेटलाई निर्दिष्ट समयभित्रै सम्पन्न गर्नुपर्ने हुन्छ। जसका लागि निजी क्षेत्र, सहकारी संस्थाहरू र स्थानीय सरकारहरूसँगको संयुक्त प्रयास आवश्यक हुन्छ। कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि यी सबै पक्षहरूको सक्रिय सहभागिता र समन्वय अपरिहार्य छ।

व्यवसाय सञ्चालन तथा विकासका लागि आवश्यक अनुमतिपत्र प्राप्त गर्ने प्रक्रियालाई छिटो, सजिलो र पारदशी बनाउनुपर्छ। कर छुट तथा अनुदानजस्ता सुविधाहरू प्रदान गर्ने प्रक्रियालाई पनि सरल बनाउन एकीकृत प्रणाली (सिंगल विन्डो सिस्टम) को प्रयोग आवश्यक छ। यस प्रणालीले प्रक्रियागत झन्झट कम गर्नुका साथै भ्रष्टाचार नियन्त्रण गर्न समेत मद्दत गर्छ।

योजनाको प्रगतिलाई नियमित रूपमा निगरानी गर्नुपर्छ। कार्यान्वयनको गति र प्रभावकारिताको मूल्याङ्कन गर्न प्रत्येक तीन महिनामा समीक्षा गरिनुपर्छ। यसका अतिरिक्त नागरिकहरूलाई पनि अनुगमन प्रक्रियामा संलग्न गराउनुपर्छ, जसबाट पारदर्शिता कायम राख्न सकिन्छ। तत्पश्चात् सबै विवरण डिजिटल माध्यमबाट व्यवस्थित रूपमा प्रस्तुत गर्नुपर्छ। जसले गर्दा सरोकारवालाहरूले सहजै तथ्याङ्क प्राप्त गर्न सकुन्।

**निष्कर्ष**

नेपालको औद्योगिकीकरण समग्र राष्ट्रको स्वनिर्भरताका लागि एउटा महत्त्वपूर्ण आधार हो, जसले देशमा बढीभन्दा बढी रोजगारीका अवसर सिर्जना गर्छ र निरन्तर आर्थिक वृद्धिलाई टेवा पुर्‍याउँछ। यस कारण आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिन जरुरी छ।

उद्योग क्षेत्रलाई उच्च प्राथमिकताका साथ सम्बोधन गरिनुपर्छ। अर्थात् सरकारले उद्योग स्थापना तथा सञ्चालनका लागि आवश्यक नीति-नियम सहज बनाउनुपर्छ, वित्तीय सहयोगका कार्यक्रम ल्याउनुपर्छ र लगानीकर्तालाई आकर्षित गर्ने वातावरण सिर्जना गर्नुपर्छ।

लघु, घरेलु तथा मझौला उद्योगलाई विशेष प्रोत्साहन दिइनुपर्छ। यी उद्योगले स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न, स्थानीय उत्पादनलाई बढावा दिन र ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। यसका लागि सरकारले सहुलियतपूर्ण ऋण, कर छुट र बजार पहुँचमा सहयोगजस्ता कार्यक्रम ल्याउनुपर्छ।

पूर्वाधार विकास र प्रविधि रूपान्तरणमा पर्याप्त लगानी बढाउनुपर्छ। आधुनिक उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार (जस्तै : सडक, विद्युत्, पानी, सञ्चार, आदि) को विकास अपरिहार्य छ। प्रविधिको प्रयोगले उत्पादन क्षमता बढाउन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मद्दत गर्छ। यसैले सरकारले यी दुवै क्षेत्रमा स्रोत-साधनको प्रभावकारी परिचालन गर्नुपर्छ।

औद्योगिक बजेटलाई केवल एउटा मन्त्रालयको सामान्य खर्चका रूपमा मात्र हेर्नु हुँदैन। यो त समग्र राष्ट्रको भविष्य निर्माणमा गरिने दूरगामी महत्त्वको लगानी हो। यो लगानीले देशको आर्थिक, सामाजिक र मानवीय विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ र समृद्ध नेपालको परिकल्पनालाई साकार पार्न मद्दत गर्छ। रातोपाटीबाट

---

***वैदेशिक रोजगारीले ...***

परिवारमा पार्ने असरको मूल्याङ्कन नगर्ने चलन आज पनि यथावत् छ।

अब राज्यले परिवारमुखी नीति बनाउन, समुदायमा आधारित सेवाहरू विस्तार गर्न, वृद्ध, बालबालिका, महिला र अपांगता भएका व्यक्तिहरूका लागि लक्षित कार्यक्रम ल्याउनुपर्ने बेला भएको छ।

**परिवारप्रति प्रतिवद्धता नै विकासको पूर्वाधार**

अन्तर्राष्ट्रिय परिवार दिवस केवल एक औपचारिकता होइन, यो अवसर हो, परिवारभित्रको सम्वाद, समझदारी, समानता र सद्भाव निर्माण गर्ने। नेपालजस्तो संक्रमणशील समाजमा पारिवारिक विखण्डन, लोपोन्मुख मूल्य मान्यता र वैदेशिक रोजगारीले खलबल्याएको सम्बन्धलाई पुनः मजबुत बनाउन परिवारमुखी नीति, कार्यक्रम र व्यवहार निर्माणको खाँचो अत्यन्तै छ।

दिगो विकास केवल संरचना, पूर्वाधार र उत्पादनसँग जोडिएको विषय होइन। यो परिवारभित्रको प्रेम, सम्मान, संवाद र साझा दायित्वबाट सुरु हुन्छ।

अन्ततः, परिवार बचाउन सकिएन भने समाज, संस्कृति र राष्ट्रको दीर्घकालीन विकासको सपना केवल भ्रममै सीमित हुनेछ–। (अधिकारी यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा अध्ययन अनुसन्धान, प्रशिक्षण तथा शिक्षण गर्छन्)। स्वास्थ्य खबरबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# दलितमाथी हुने गरेको विभेद विरुद्ध प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र

**राजविराज**/विभिन्न बहानामा दलितमाथी हुने गरेको विभेद विरुद्ध प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ ।

संयुक्त राजनीतिक दलित संघर्ष समिति सप्तरीले मंगलबार प्रमुख जिल्ला अधिकारीमार्फत सो ज्ञापनपत्र प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीको कार्यालयलाई ज्ञापनपत्र बुझाएको हो ।

दलित समुदाय माथी पटक पटक आजित छुवाछुत, भेदभाव, कुटपिट, लुटपिट अन्तरजातिय विवाह गरेकै कारण र विभिन्न यज्ञ गर्ने बहानामा उठिवास, दमन शोषण र झुठ्ठा मुद्दा लगाएर जेलमा कोचिने, बलात्कार, सामुहिक बलात्कार गरी हत्या, अपहरण, झुठ्ठा मुद्दामा फसाउने लगायतको दमन शोषण उत्पीडन जस्ता घटनाप्रति दलित समुदाय अत्यन्त पीडित भईरहेको बुझाएको ज्ञापन पत्रमा उल्लेख छ ।

ज्ञापन पत्रमार्फत २०८१ बैसाख १ गते सप्तरीको सुरुङ्गा नगरपालिका ७ हरिपुर टोल स्थित १९ बर्षिय पुजाकुमारी रामको जर्बजस्ती करणी गरी हत्या प्रकरण, विगत दुई बर्षदेखि खडक नगरपालिका २ दुहवी टोलमा बसोवास गर्दै आईरहेका पाँच घर परिवार मुसहर समुदायको रहेको फुसको घर जनता आवासको घर बनाई दिने योजना अलपत्र भएको, बलाल विहुल गाउँपालिका ४ स्थित श्री राष्ट्रिय आधारभूत विद्यालयका कार्यालय सहयोगी राधेश्याम पासमानले सोही विद्यालयको प्रधानाध्यापकको घरमा र खेतमा काम नगरेपछी पछी मानसिक रुपमा यतना दिनु, तलव सुविधा रोक्नु, काज सरुवा गर्न र विद्यालयमा पानी खुवाउन नमिल्ने गरी जातिय छुवाछुत गरेको घटना लगायतमा उचित न्याय र दोषीलाई हदै सम्मको कानुनी कार्वाहीका लागि माग गरिएको छ ।

यस्तै राजगढ गाउपालिका ४ स्थित एलानी जग्गामा पुस्तौ देखि बसोवास गर्दै आईरहेको सुकुम्वासी दलित रन्जन कुमारी सदायको घर सोही पालिकाका वडा अध्यक्ष र केही स्थानीय कथीत उपल्ला वर्गले सामुदायिक भवन बनाउने साथै निजको घर पुनः अन्तै स्थानमा बनाई दिने आश्वन दिएर घरवार विहिन बनाएको, सुरुङ्गा नगरपालिका ५ स्थित दलित बस्तीमा २०८२ बैशाख ११ गते राति अन्दाजी ९ बजे समयमा टोलमा पसी कुटपिट गरी घाईते बनाएको घटनाका दोषीहरुलाई तत्काल पक्राउ गरी कानुनी कार्वाहीका लागी माग गरिएको छ ।

ती घटनाहरुका दोषिहरुलाई हाल सम्म पक्राउ नगरेको साथै उचित कानुनी न्यायका लागि पहल नभएको तथा विभिन्न घटनाको दोषीहरु अहिले सम्म फरार रहेको साथै केही दोषीहरु खुल्लेयाम घुमिरहेकोले उनीहरुलाई पक्राउ गरी कानुनी कार्वाहीका लागि माग गर्दै एक महिना भित्र कानुनी न्याय प्राप्त गर्न नसकेमा बाध्यवस आन्दोलनमा उत्रनु पर्ने ज्ञापनमा उल्लेख छ ।

## ट्याक्टर पल्टिदा चालकको मृत्यु

**राजविराज**/सप्तरीको विष्णुपुर गाउँपालिका १ खुरहरीया नजिकै हुलाकी मार्गमा ट्याक्टर पल्टिदा चालकको मृत्यु भएको छ ।

मंगलबार राती अनटेस्ट ट्याक्टर एक्कासी अनियन्त्रित भई सडक किनारमा पल्टिदा चालक सप्तरीको डाक्नेश्वरी नगरपालिका १ कविलाशाका १८ वर्षिय दिपक कुमार सन्तको मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्याक्टर पल्टिएपछी च्याप्पिएर गम्भीर घाईते भएका उनको उद्दार गरी प्रहरीले उपचारका लागी छिन्नमस्ता अस्पताल पुऱ्याएको थियो । तर उपचार कै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मृतकको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिह अस्पताल पुऱ्याई घटना बारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, सप्तरी



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा भिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता

महादेवा गाउँपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## पुटिन र जेलेन्स्कीबीच सहमतिपछि मात्र भेटवार्ता सम्भव : क्रेमलिन

**किएभ**/क्रेमलिनले रूस र युक्रेनबीच युद्धविरामका लागि सहमति भएमा मात्र रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच प्रत्यक्ष वार्ता सम्भव हुने बताएको छ । मस्को र किएभबीच तीन वर्षभन्दा बढी समयपछि पहिलो पटक प्रत्यक्ष वार्ता भएको एक दिनपछि शनिवार क्रेमलिनले जेलेन्स्कीद्वारा माग गरिएको दुई राष्ट्रपति स्तरीय वार्ताका लागि दुई देशका प्रतिनिधिमण्डलबीच पहिलो चरणको सहमति आवश्यक रहेको बताएको हो । वार्ताको भोलिपल्ट बिहान पूर्वी सुमी क्षेत्रमा उद्धार गरिएका सर्वसाधारण बोकेको मिनीबसमा रुसी ड्रोन आक्रमणमा परी नौ जनाको मृत्यु भएको र सोही घटनामा अन्य पाँच जना घाइते भएको स्थानीय अधिकारीले बताएका छन् ।

"हिजो, यो युद्धको कुनै पनि दिन जस्तै, त्यहाँ पनि युद्धविरामको अवसर थियो," राष्ट्रपति जेलेन्स्कीले आक्रमणपछि सामाजिक सञ्जालमा लेख्नुभएको छ, "रुसले हत्या जारी राख्ने अवसर मात्र सुरक्षित गरेको छ ।" उहाँले युक्रेनका मित्र राष्ट्रहरुलाई मस्कोमाथिको प्रतिबन्ध बढाउन आग्रह गर्नुभएको छ । युक्रेनी राष्ट्रपतिले जेलेन्स्कीले भन्नुभयो, "रुसमाथि कडा दबाब वा कडा प्रतिबन्ध बिना त्यहाँ वास्तविक कूटनीति हुनेछैन ।" सन् २०२२ को वसन्त ऋतुपछि पहिलो पटक इस्तानबुलमा युक्रेन र रुसबीच मस्कोले पूर्ण आक्रमण गरेको केही समयपछि इस्तानबुलमा भएको पहिलो प्रत्यक्ष वार्तामा एक-एक हजार कैदी आदानप्रदान गर्ने ठोस सहमति भएको थियो । युक्रेनका शीर्ष वार्ताकार रक्षामन्त्री रुस्तम उमरोभले 'अर्को कदम' जेलेन्स्की र पुटिनबीच भेटवार्ता हुने बताउनुभएको छ । रूसले उक्त अनुरोधलाई ध्यानदिएको बताएको छ ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भन्नुभयो, "दुई पक्षबीच सम्झौताको रूपमा निश्चित परिणाम प्राप्त गरेपछि मात्र हामी राष्ट्रपति स्तरको वार्तालाई सम्भव ठान्छौं ।" रुसका शीर्ष वार्ताकार भ्लादिमिर मेडिन्स्कीले मस्को र किएभले युद्धबन्दीको आदानप्रदानपछि दुवै देशले भविष्यमा हुने सम्भावित युद्धविरामको आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने बताउनुभएको छ । क्रेमलिनले भनेको छ, "पहिले युद्धबन्दीको अदलाबदली पूरा गर्नु पर्दछ र दुवै पक्षले अर्को चरणको वार्ता तय गर्नुअघि युद्धविरामको लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु आवश्यक छ ।" टर्कीएमा प्रवक्ता पेस्कोभले भन्नुभयो, "अहिलेका लागि हामीले प्रतिनिधिमण्डलले हिजो सहमति गरेको एक एक हजार युद्धबन्दीलाई आदानप्रदान गर्ने सहमतिको कार्यान्वयन गर्न आवश्यक छ ।" युक्रेनको सैन्य गुप्तचर निकायका प्रमुख किरिलो बुडानोभले प्रसारणकर्ता टीएसएनसँग कुरा गर्दै आगामी हप्ता यो आदानप्रदान हुने अपेक्षा व्यक्त गर्नुभयो । एजेन्सी

## युक्रेनमा भएको रूसी आक्रमणमा नौ जनाको मृत्यु

**किएभ**/उत्तरी युक्रेनको सुमी क्षेत्रमा यात्रु बोकेको सानो बसमा भएको रूसी मानवरहित हवाई यन्त्र (ड्रोन) आक्रमणमा परी नौ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । स्थानीय सैनिक प्रशासनले सामाजिक सञ्जाल टेलिग्राममार्फत उक्त आक्रमणमा पूर्ण रूपमा क्षति पुगेको सानो बसको तस्विरसहित जानकारी दिँदै मृतकको सङ्ख्या नौ पुगेको जनाएको हो । यसअघि अधिकारीहरूले आठ जनाको ज्यान गएको बताएका थिए । सुमी जिल्लातर्फ गइरहेको बसलाई बिलोपिल्लिया नगर नजिकै लक्षित गरी आक्रमण गरिएको सैनिक प्रशासनले जनाएको छ । यो विस्फोट युक्रेन र रूसबीच इस्तानबुलमा करिब तीन वर्षपछि भएको प्रत्यक्ष वार्ताको केही घण्टापछि भएको हो ।

वार्तामा दुवै पक्ष कैदीहरूको साटासाटमा सहमत भए पनि युद्धविराम नभएको र सम्भावित युद्धविरामका विषयमा विचारहरू आदान-प्रदान मात्र गरिएको जनाइएको छ । वार्तापछि किएभले युक्रेनको ठूलो भूभाग ध्वस्त पारिएको र लाखौं मानिस विस्थापित भएको युद्ध रोक्नका लागि 'बिना सर्त युद्धविराम' चाहेको स्पष्ट पारेको छ । तर, मस्कोले यस्ता आह्वान अस्वीकार गर्दै करिब एक हजार कैदीहरू साटासाट गर्ने सहमतिको पक्षमा बल दिएको छ । युक्रेनका मुख्य वार्ताकार तथा रक्षामन्त्री रुस्तम उमरोभले अबको अर्को चरणमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच प्रत्यक्ष भेटवार्ता हुने बताएका छन् । यसैगरी मस्को र वासिङ्टनले पनि पुटिन र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पबीच द्वन्द्व व्यवस्थापनबारे उचित छलफल आवश्यक रहेको जनाएका छन् । एजेन्सी

## गाजामा आक्रमण तीव्र, इजरायली सेनाद्वारा हवाई आक्रमण र स्थलीय फौज तैनाथ

**यरुशलेम**/इजरायली सेनाले शुक्रबार गाजा क्षेत्रमा आफ्ना आक्रमणहरू अझ तीव्र बनाएको छ । यस अन्तर्गत हवाई बमबारी र थप स्थलगत सेनाहरू पनि पठाइएको जानकारी दिएको छ, जसको उद्देश्य गाजाका केही भागमा नियन्त्रण कायम गर्नु हो । इजरायली सुरक्षाबलले 'गिदेओनका रथ' नामक नयाँ अभियान सुरु गरिएको जनाएको छ, जसको उद्देश्य युद्धका प्रमुख लक्ष्य बन्धकको मुक्तिमा सहयोग पुऱ्याउनु र हमास नामक समूहको सञ्जाल हटाउनु रहेको छ । "हामी आफ्ना नागरिकको सुरक्षाका लागि काम गरिरहनेछौं र युद्धका लक्ष्य प्राप्त नहुँदासम्म हाम्रो कारबाही जारी रहनेछ," सुरक्षाबलको भनाइ छ ।

यसअघि प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले केही दिनभित्र इजरायली सेनाहरू पूर्ण बलका साथ गाजामा प्रवेश गर्ने बताउनुभएका थिए । गाजाका स्वास्थ्य अधिकारीका अनुसार, शुक्रबार मात्र उत्तर गाजामा इजरायली बमबारीका कारण कम्तीमा १०९ जनाको मृत्यु भएको छ भने २१६ जना घाइते भएका छन् । गत वर्ष असोजदेखि सुरु भएको द्वन्द्वमा हालसम्म ५३ हजार ११९ जना मारिएका छन् भने एक लाख२० हजार २१४ जना घाइते भएका छन् । हमासले इजरायलमाथि युद्धविरामका लागि भइरहेका पहलहरूलाई बेवास्ता गरेको आरोप लगाएको छ । एजेन्सी

# सप्तरीमा अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा संचालन गर्ने १३ विद्यालय फेला परे

**राजविराज**/सप्तरीमा अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा संचालन गर्ने १३ विद्यालय फेला परेको छ ।

गत आइतबारदेखी सुरु भएको अनुगमनका क्रममा शुक्रबार थप पाँच विद्यालय अनुमति नलिई संचालनमा रहेको फेला परेको हो । यसअघि ८ वटा विद्यालय सोही प्रकृतीको फेला परेको थियो ।

अनुगमन टोलीद्वारा शुक्रबार राजविराजका विभिन्न विद्यालयमा अनुगमन गर्दा अनुमति नै नलिई संचालनमा रहेका पाँचवटा विद्यालय फेला परेको जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका शाखा अधिकृत कमलनाथ यादवले जानकारी दिए ।

निरिक्षणका क्रममा राजविराजस्थित मिथिला पब्लिक एकेडमीले ९ कक्षाको अनुमति लिएर १० कक्षा सम्म विद्यार्थी भर्ना गरि पठन पाठन गराई रहेको, श्री इन्टरनेशनल बोडिङ्ग स्कूलले ५ कक्षा सम्मको अनुमति लिएर ८ कक्षा सम्म सञ्चालन गरिरहेको पाइएको टोलीमा सहभागि सत्यनारायण दासले जानकारी दिए ।

यसैगरि सुनगाभा एकेडमीले १ कक्षाको अनुमति लिएर २ कक्षा संचालन गरेको, ग्लोबल ईंगलिस बोडिङ्ग स्कूलले ८ कक्षाको अनुमति लिएर ९ कक्षा सम्म संचालन गरेको र जे. एस.आईडर बोडिङ्ग स्कूलले ५ कक्षाको अनुमति लिएर १० कक्षा सम्म संचालन गरेको पाईएको जिल्ला शिक्षा समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिए ।

अघिल्लो दिन बिहीबार अनुगमनका क्रममा विष्णुपुर गाउँपालिकामा नेपाल लाईन्स पब्लिक स्कूलले प्रारम्भिक बालबिकासको अनुमति लिएर कक्षा ५ सम्म संचालन गरिरहेको पाईएको थियो ।

यसअघि सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा ६ वटा तथा कञ्चनरुप नगरपालिकामा २ गरि ८ वटा निजी विद्यालयहरुले अनुमति नलिएर कक्षा संचालन गरेको पाइएको थियो ।

अनुमित नलिएर कक्षा सञ्चालन गर्दै आएको त्यस्ता विद्यालयहरुलाई अनुमति लिएर मात्रै कक्षा सञ्चालन गर्न निर्देशन दिएको समन्वय इकाई सप्तरीका शाखा अधिकृत यादवले जानकारी दिए ।

उच्च अदालत जनकपुर राजविराज इजलासले अनुमति विनाको थप कक्षा संचालन नगर्न नगराउन गत बैशाख १९ मा आदेश दिएपछि जिल्ला शिक्षा समन्वय इकाईले बैशाख २८ बाट विद्यालयहरुको स्थलगत निरिक्षण तथा अनुगमन गर्दै आएको छ ।

# देशमा स्थिर सरकार छ : गृहमन्त्री लेखक

**राजविराज**/गृहमन्त्री रमेश लेखकले काँग्रेस देशमा स्थिर सरकार बनेकै कारण अहिलेको प्रधानमन्त्रीलाई प्रत्येक ३/३ महिनामा विश्वासको मत लिनु नपरेको र अविश्वासको प्रस्ताव पनि नआएको बताएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरीले राजविराजमा बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै गृहमन्त्री लेखकले एमालेसँग मिलेर देशमा राजनीतिक स्थिरता कायम गर्न सरकार सफल भएको बताए । उनले एमालेसंग सरकार बनाएको १० महिनामा देश आर्थिक समृद्धि तर्फ अगाडी बढेको समेत जानकारी दिए ।

दश महिनाको अवधीमा सरकारले बैदेशिक मुद्राको संचितीमा बृद्धि, राजश्व संकलनमा सुधार, आयात घटाएर निर्यातमा बृद्धि सँगै बजार मुल्य नियन्त्रणमा समेत उल्लेखनीय काम गरेको उनको भनाई छ ।

केही मानिस र समुहले देशमा निराशाको खेती गर्दै दिनहुँ सरकार ढल्ने प्रचारवाजी गरिरहेकोले त्यसमा कुनै सत्यता नरहेको उल्लेख गर्दै उनले काँग्रेस एमालेबीच कुनै विवाद नरहेकोले हल्लाको पछि नलाग्न आग्रह गरे ।

नेपाली कांग्रेस र एमाले बीच भएको ७ बुंदे सहमती अनुसार नै सरकार अघि बढेको भन्दै उनले सरकार संचालनमा कुनै पनि बाधा, अड्चन र आपसी मतभेद नरहेका स्पष्ट पारे ।

पत्रकार सम्मेलनमा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव लगायतको पनि उपस्थिती रहेको थियो ।

# नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा एक किशोर पक्राउ

**राजविराज**/सप्तरीको सुरुङ्गा नगरपालिका ३ लक्ष्मीपुरका १६ वर्षिय नाबालक एक नाबालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बिहीबार सार्वजनिक गरेको घटना विवरण अनुसार गत बैशाख १३ गते उक्त वडा नजिकैको लक्ष्मीपुर वन क्षेत्रमा काठ दाउरा संकलन गर्न पुगेकी १३ वर्षिय किशोरीलाई १६ वर्षिय किशोरले जबरजस्ती करणी गरेका थिए ।

पीडित किशोरीले वन क्षेत्रमा काठ दाउरा संकलन गर्दै गर्दा अचानक पुगेका ती किशोरले सुरुमा प्रलोभन देखाई शारीरिक सम्बन्धको प्रयास गरेको र सो प्रस्ताव अस्विकर गर्दा मुख थुनेर बलात्कार गरेको प्रहरी समक्ष बयान दिएकी छिन् । ती किशोरले कसैलाई यो बारे भने आफूलाई ज्यानै मारिदिने धम्की समेत दिएको पीडित किशोरीले प्रहरीलाई बताएकी छिन् ।

घटनापछी फरार भएका किशोरलाई बैशाख २७ गते प्रहरीले पक्राउ गरेको थियो । पीडित किशोरीको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा स्वास्थ्य परिक्षण तथा उपचार गराइएको छ भने पक्राउ परेका ती किशोरलाई सप्तरी जिल्ला अदालतबाट म्याद थपेर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


# भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति
बि. सं. १९८७/५/३



स्वार्गारोहण
बि. सं. २०८२/२/२

**स्व. लालदेव यादव**

मेरा प्रात : स्मरणीय पति लालदेव यादवको असमायिक स्वर्गारोहण भएको खबर पश्चात् उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना तथा हामीलाई यस दु:खद घडीमा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्त एवं शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

**श्रीमती : बिमलादेवी यादव**

| **छोरा** | **बुहारी** | **छोरी** |
|---|---|---|
| इन्द्रदेव यादव | गीतादेवी यादव | अम्बिका यादव |
| देवेन्द्र यादव | रेखादेवी यादव | |
| कृष्णदेव यादव | कान्तीदेवी यादव | **ज्वाई** |
| विष्णुदेव यादव | नमितादेवी यादव | सुरेन्द्र यादव |

## एवं समस्त परिवार



## मानव बेचबिखनजन्य कार्यहरु

- ❖मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- ❖मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- ❖कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- ❖प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्रि गर्ने,
- ❖वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको वेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*